# सुधारिएको चुलो निर्माणको लागि आवश्यक सामग्रीहरू



१ लेसाइलो माटो




२ गोबर




३ सखर वा चिनी



४ धानको भुस/पराल/गहुँको कन/सल्लाको पात/बाबियोको टुक्रा




५ पानी राख्ने भाँडो र पानी



६ फलामको डण्डी



७ नुन



८ चिम्नी आउटलेटको लागि सादा जस्तापाता



९ फलामको जाली तथा ढकनी (ग्रेट राख्ने भएमा)


# सुधारिएको चुलो निर्माणको लागि आवश्यक सामग्रीहरु:





माटोको सुधारिएको चुलो बनाउको लागि निम्नानुसारको सामग्री आवश्यक पर्दछ ।

१) ४-५ भाग लेसाइलो माटो
२) १ भाग गोबर
३) करीब ३ केजी सखर वा चिनी
४) २ भाग धानको भुस / पराल गहुँको कन / सल्लाको पात / बाबियोको टुक्रा
५) पानी राख्ने भाँडो र पानी
६) फलामको डण्डी - १ मुखेको लागी १० इञ्चको २ टुक्रा तथा ८ इञ्चको २ टुक्रा, २ मुखेको लागी १० इञ्चको २ टुक्रा तथा ८ इञ्चको ४ टुक्रा र ३ मुखेको लागी १० इञ्चको २ टुक्रा तथा ८ इञ्चको ८ टुक्रा
७) चुलोलाई बलियो र ताप क्षमता बढाउन चुलो बनाउने माटोमा करिब ३ किलोग्राम सखर वा चिनी र १ किलोग्राम नुन मिसाउनु पर्दछ । यसरी तयार गरिएको माटोले चुलोको गारो लगाउने तथा भित्र बाहिर पोत्नु पर्दछ ।
८) चिम्नी आउटलेटको लागि सादा जस्तापाता
९) फलामको जाली तथा ढकनी (ग्रेट राख्ने भएमा)


# माटोको सुधारिएको चुलोका विविध प्रकारहरु




एक मुखे चुलो




दुई मुखे चुलो




तीन मुखे बहुउद्देश्यीय चुलो



तीन मुखे चुलो




घरायसी रकेट चुलो



व्यवसायीक/संस्थागत रकेट चुलो

# माटोको सुधारिएको चुलोका विविध प्रकारहरू

माटो, गोबर, भुसलगायतका स्थानीय सामाग्री, आवश्यकता अनुसारको फलामको डण्डीहरु (रड) र चिम्नी-निकास प्रयोग गरी स्थानीय तालिम प्राप्त स्टोभ मास्टरहरुले चलन चल्तीको ज्याला लिइ निम्नानुसारका माटोका सुधारिएको चुलो बनाइदिन्छन् ।




## एक मुखे चुलो (चिम्नी सहित)

यो चुलो सानो (४-५ जना) परिवारको लागी उपयुक्त हुन्छ । घरमा पालिएका पशुहरुको लागि कुंडो (खोले) पकाउन, भोज भतेरलगायत विशेष अवसरमा यसलाई अतिरिक्त चुलोको रुपमा प्रयोग गर्न सकिन्छ । यसलाई आवश्यकतानुसार ठूलो-सानो पनि बनाउन सकिन्छ ।

## दुई मुखे चुलो (फरक सतह -चिम्नी सहित)

यो चुलो ६-१० जनाको परिवारको लागि ठीक हुन्छ । यसमा भाँडा राख्ने दुवै मुखहरु फरक सतहमा हुने हुँदा खाना पकाउँदा भाँडाहरु आपसमा ठोकिदैनन् (रोजाइ अनुसार समान सतहको पनि बनाउन सकिन्छ) । यसका दुवै मुखलाई एकै चोटि प्रयोग गर्नुपर्दछ । यसलाई पनि आवश्यकतानुसार ठूलो-सानो बनाउन सकिन्छ ।

## बहुउद्देश्यीय चुलो

यो एक मुखे र दुई मुखे चुलोलाई जोडेर बनाइन्छ । यसरी बनाउँदा एउटै चिम्नीलाई दुवै चुलोहरुको लागि साझा हुनेगरि बनाइन्छ । यसमा कुनै एउटा वा दुवै चुलोहरु एकै साथ प्रयोग गरिने सुविधा हुन्छ तर एउटा मात्र चुलो प्रयोग गर्दा अर्को चुलोको चिम्नीसँग जोडिएको प्वाल भने बन्द गर्नुपर्दछ ।

## तीन मुखे चुलो (चिम्नी सहित)

यो चुलो खासगरि चिया, खाजा तथा खाना पाइने साना होटलहरुका लागि ठीक हुन्छ । यसलाई पनि आवश्यकतानुसार ठूलो-सानो बनाउन सकिन्छ ।

## घरायसी रकेट चुलो

दाउराको धेरै बचत गर्ने र खाना छिटो पकाउने क्षमता भएको घरायसी रकेट चुलो आवश्यकतानुसार ठूलो-सानो गरी ४-१० जनाको परिवारलाई ठीक हुने गरी बनाउन सकिन्छ । यसमा आगो एकदमै राम्रो सँग बल्ने हुँदा भान्छा भित्र धुँवा परम्परागत चुलोको तुलनामा कम हुन्छ । यसलाई निश्चित ठाँउमा जडान गर्न वा सार्न मिल्ने गरी पनि बनाउन सकिन्छ ।

## व्यवसायीक /संस्थागत रकेट चुलो

यो चुलो खासगरी व्यवसायीक प्रयोग जस्तै चिया, खाजा तथा खाना पाइने साना तथा मझौला होटलहरुमा वा छात्रावास, मेस र धार्मिक स्थलहरुका लागि ठीक हुन्छ । धेरै पशुहरु भएको अवस्थामा कुंडो (खोले) पकाउन र दूध तताउन पनि यसको प्रयोग गर्नु राम्रो हुन्छ । यसलाई पनि आवश्यकतानुसार ठूलो-सानो बनाउन सकिन्छ ।

- माथि उल्लेखित सबै प्रकारका चुलोहरु आफुसँगै भएका भाँडाहरु मध्ये धेरैजसो प्रयोग हुने भाँडाहरुलाई ठीक हुने बनाउन सकिन्छ ।
- माथि उल्लेख गरिएका भन्दा बाहेक विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय उद्योगहरुमा निर्मित उच्च गुणस्तर भएका विभिन्न मोडलका फलामे (पूर्ण वा आंशिक) चुलोहरु पनि बजारमा उपलब्ध छन् । यी मध्ये कतिपय चुलोहरु किन्दा नेपाल सरकारले अनुदानको पनि व्यवस्था गरेको छ ।

# सुधारिएको चुलोका विविध प्रकारहरू

Greenway Jumbo Stove (JS1)
ग्रीनवे जम्बो स्टोभ (जे एस १)



Prakti Orka Institutional Stove
प्रक्ती ओर्का इन्ष्टीच्युशनल स्टोभ



Greenway Smart Stove (GSSV3)
ग्रीनवे स्मार्ट स्टोभ (जी एस एस भी ३)



Smart Power / Smart
स्मार्ट पावर / स्मार्ट



Envirofit / Envirofit-G3300
इन्भाइरोफिट / इन्भाइरोफिट-जी ३३००



Agni Star / Agni Sun
अग्नी स्टार / अग्नी सन



CM-R-2 Rocket Stove
सि एम-आर-२ रकेट स्टोभ



Prabidhi / Prabidhi-2
प्रविधि / प्रविधि-२






**भर्खरै उल्लेख गरेका भन्दा भिन्न प्रकारका सुधारिएको चुलोहरू उपलब्ध छन् ।**

विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय उद्योगहरुमा निर्मित उच्च गुणस्तरको विभिन्न मोडलका चुलोहरु पनि बजारमा उपलब्ध छन् ।

# सुधारिएको चुलो बनाउने ईच्छा भएमा हजुरहरूले मलाई खबर गर्न सक्नुहुनेछ ।

**मेरो सम्पर्क नम्बर:**

**सुधारिएको चुलोको बारेमा थप जानकारी चाहिएमा**


नेपाल सरकार

जनसंख्या तथा वातावरण मन्त्रालय

**वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र**

**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम**

**जैविक उर्जा सब–कम्पोनेन्ट**

सम्पर्क: पोष्ट बक्स नं.: १४३६४, काठमाण्डौ,

फोन नं. ५५३९३९० रहेको छ र ५५४२३९७ फ्याक्स पनि गर्न सक्नुहुनेछ ।

# सुधारिएको चुलो बनाउने ईच्छा भएमा हजुरहरुले मलाई खबर गर्न सक्नुहुनेछ ।

**मेरो सम्पर्क नम्बरः**

**सुधारिएको चुलोको बारेमा थप जानकारी चाहिएमा**


नेपाल सरकार

जनसंख्या तथा वातावरण मन्त्रालय

**वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र**

**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम**

**जैविक उर्जा सब–कम्पोनेन्ट**

सम्पर्कः पोष्ट बक्स नं.: १४३६४, काठमाण्डौ,

फोन नं. ५५३९३९० रहेको छ र ५५४२३९७ फ्याक्स पनि गर्न सक्नुहुनेछ ।